# इटहरी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

१ नं. प्रदेश, नेपाल

नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आह्वानको ३०(तीस दिनें) सुचना

**प्रथम पटक प्रकाशित मिति : २०७७।०७।०७ गते**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) र यस इटहरी उप-महानगरपालिकाको आर्थिक ऐन २०७७ को दफा २० बमोजिम इटहरी उप-महानगरपालिका, सुनसरीको क्षेत्राधिकार भित्र पर्ने बुढी खोलाबाट स्वीकृत घाट र नाकाहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन तथा संकलन गरी इटहरी उप-महानगरपालिकाबाट स्विकृत दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्म नवीकरण भएको प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र, आ.व.२०७६।०७७ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| शि. नं. | सूचना नं/बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घ.फि.) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | I/ITHRAJBAT/INCOME TENDER/077/78 | बुढी खोलाबाट नदीजन्य पदार्थको बिक्री कर संकलन | ८०,४४४.३४ ( खोलाहरुको नाका संख्या ४ (चार) | १,१३,६३,५६७५० | कबोल अंकको (मु.अ. कर सहित) को ५ % (प्रतिशत) | रु ३,०००।- |

शर्तहरु :

- फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि करदर्ता प्रमाण-पत्र, आ.व.२०७६।०७७ को करचुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा यस कार्यालयको नाममा नेपाल बैक लिमिटेड इटहरीको राजश्व खाता नं ०५९०३००००१००१००००१ मा नगद जम्मा गरेको नगद भौचर पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औ दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजश्व शाखा वा यस कार्यालयको बैक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नु पर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।
- बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ । अक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफूले कबोल गरेको अंकको (मु.अ.कर सहित) ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड इटहरीको धरौटी खाता नं. ०५९०३००००३०००००००१ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १५० (एक सय पचास) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नु पर्नेछ ।

२०७७/७/७

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी प्रदेश नं.१, नेपाल

- खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र विद्युतीय प्रति दर्ता गर्नुपर्नेछ ।
- एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे देखि विभिन्न सम्बन्धित कार्यालयहरुका प्रतिनिधि, निमार्ण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाताले वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै अर्को कार्यालय खुलेको दिनमा गरिनेछ ।
- प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २१ औं दिन दिनको २:०० बजे इटहरी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सो को भोलिपल्ट कार्यालय खुल्ने दिन सोही समयमा हुनेछ ।
- बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिन भित्र मू.अ.कर दर्ता प्रमाण-पत्र समेत लिई कबोल अंकको एकमुष्ठ रकम बुझाउनु पर्नेछ । इटहरी उप-महानगरपालिकाको आर्थिक ऐन २०७७ को दफा २०(५) बमोजिम ठेक्का सम्झौता गर्दा कबोल गरेको रकम एकमुष्ट बुझाई सम्झौता गर्न आएमा १० प्रतिशत छुट दिइने छ ।  साथै सम्झौताका बखत सम्वन्धित ठेकेदारले नेपाल सरकारले तोके अनुसार मु.अ. करको १३ प्रतिशत बराबरको रकम आन्तरिक राजश्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।
- तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस उप-महानगरपालिकाका खोला तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणको सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

(नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको Website : WWW.itaharimun.gov.np मा समेत हेर्न सकिनेछ)

२०८१।८।८

प्रमुख प्रशासकीय अधिकृत

**कृष्ण प्रसाद सापकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**

2066/6/6
कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

# इटहरी उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
१ नं. प्रदेश, नेपाल

बोलपत्र फारम दस्तुर रु. रु. ३,०००।-

## बोलपत्र फारम

न्युनतम कबोल अंक : रु. १,१३,६३,५६७५० (मुल्य अभिवृद्धि कर बाहेक)
उठाउन पाउने परिमाण : ८०,४४४.३४ घ.फि.
ठेक्काको अवधि : चलन पुर्जि पाएको मितिको भोलिपल्ट देखि जेष्ठ मसान्त सम्मको लागि ।

१) ठेक्काको नाम : बुढी खोलाबाट नदीजन्य पदार्थको बिक्री कर संकलन
२) ठेक्का नम्बर : 1/ITHRAJBAT/INCOME TENDER/077/78

३) किसिम : ढुंगा, गिट्टी, ग्राभेल र वालुवाको बिक्री कर उठाउने सम्बन्धी ।

४) कबोल रकम मु.अ.कर बाहेक (अंकमा) :

५) कबोल रकम मु.अ.कर बाहेक (अक्षरमा) :

६) राखिएको धरौटी रकम :

क) रकम रु............................................................ को बैंक भौचर नं. ................................

ख)

७) कैफियत :

फर्मको छाप

ठेकेदारको सही :
नाम, थर :
स्थायी ठेगाना :
पत्राचार गर्ने ठेगाना :
मोवाइल नं. :
इमेल :

नोट : (न्यूनतम कबोल अंक भन्दा घटीमा पेश भएको बोलपत्र) मान्य हुने छैन ।